कार्यबिधि संख्या

# हिमाली गाउँपालिकाको

## मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, “२०७५”

गाउँ सभाबाट स्वीकृत मिति :२०७५-०३-१४

**हिमाली गाउँपालिका**

**धुलाचौर ,बाजुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**प्रस्तावना :** समुदायदायलाई सभ्य, सुसज्जीत, शान्त तथा सकारात्मक बाटोमा अग्रसर गराउन मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, हिमाली गाउँपालिकाले स्थानीय सरकार संचाल ऐन, २०७४ को अधिनमा रहि यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "हिमाली गाउँपालिकाको मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छ्याङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ ।

(ग) "अनुमतिपत्र" भन्नाले मदिरा ऐन २०३१ को दफा ६ (क) बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "सेवनकर्ता" मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(च) "ईजाजतपत्र" भन्नाले सम्बन्धित वडा कार्यालयबाट लिएको व्यवसाय ईजाजतपत्र सम्झनुपर्छ ।

३. **मदिराको उत्पादनमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम बाहेक मदिराको उत्पादन गर्न पाउने छैन ।

**४. मदिराको बिक्री वितरणमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन ।

**५. मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :** (१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्नु हुँदैन ।

(२) कसैले पनि अठार वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण गर्नु हुँदैन ।

(३) सम्बन्धित वडाको व्यवसाय ईजाजतपत्र नलिई मदिरा बेचबिखन गर्न पाइनेछैन ।

**६. मदिराको निकासी पैठारीमा नियन्त्रण :** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम बाहेक मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

**७. होहल्ला, गाली बेइज्जती र झैझगडा गर्न नपाइने :** मदिरा सेवन गरेर कुनै पनि व्यक्तिले होहल्ला गर्न पाइने छैन । बेलुकी ६ बजेको समयदेखि रातिको समयमा कुनै पनि व्यक्तिले मदिरा सेवन गरी अर्को व्यक्ति टोल तथा सार्बजनिक स्थानमा असर पुग्ने गरी होहल्ला गर्न पाइने छैन । साथै मदिरा सेवन गरि सेवनकर्ताले समुदायमा कसैलाई गाली, बेइज्जती र झैझगडा गर्न पाइने छैन ।

**८. शर्त पालन गर्नुपर्ने :** मदिरा बिक्रेताले मदिरा बिक्री वितरण गर्दा निम्न शर्तहरु अनिवार्य पालन गर्नुपर्ने छ :

(१) मदिरा बिक्रीकर्ताले बेलुकी ६ बजेदेखि ९ बजेसम्म मात्रै मदिरा बिक्री वितरण गर्नुपर्ने ।

(२) आफ्नो मदिरा पसल र पसलको वरिपरि मदिरा खुवाउन नपाइने ।

(३) इजाजत पत्र पसलमा सबैले देख्ने गरी राख्नुपर्ने ।

(४) मदिरा सेवन गरि आएको व्यक्तिसँग मदिरा बिक्री वितरण नगर्ने ।

(५) मदिरा पसलमा अन्य खाद्यजन्य सामग्री राख्न नपाईने ।

(६) १८ वर्ष मुनिका बालबालिकालाई मदिरा बिक्री वितरण नगर्ने ।

(७) प्रत्येक दिन आफुले बिक्री वितरण गरेको मदिराको दुरुस्त रेकर्ड राख्ने (किन्ने व्यक्तिको नाम, ठेगाना, उमेर र किनेको परिणाम) ।

(८) खरिद बिक्रीको अनिवार्य बील प्रयोग गर्नुपर्ने ।

(९) कानून बमोजिम इजाजत पत्र नवीकरण गर्नुपर्ने ।

(१०) मदिरा पसल विद्यालय, स्वास्थ्य केन्द्र, सार्वजनिक स्थल, पार्क, मन्दिर, सरकारी तथा गैरसरकारी कार्यालय भन्दा १०० (एक सय) मिटर टाढाको दुरीमा राख्ने ।

९. **समिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | - संयोजक |
| प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको महिला समूहको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको बाल समूहको प्रतिनिधि | - सदस्य |
| वडा अध्यक्षले मनोनित गरेको महिला वडा सदस्य | - सदस्य |
| वडा कार्यालयको सचिव | - सदस्य सचिव |

१०. **नियमित अनुगमन :** (१) वडा समितिले आफ्नो वडाभित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नुपर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरिसकेपछिको प्रतिवेदन तयार गरी अनिवार्य रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा सो प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्रभित्र मदिरा बिक्री वितरणबारे अनुगमन गर्दा यस कार्यविधिको दफा ८ मा उल्लेख गरिएका शर्तका कुरा केकति पालन गरिएका छन् सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनुपर्ने छ । साथै :

(क) समुदायमा मदिराको अवस्था के कस्तो रहेको छ सोको जानकारी,

(ख) इजाजत पत्र नवीकरण गरेको छ वा छैन सोको जानकारी,

(ग) सेवनकर्ताले समुदायमा मदिरा सेवन गरी के कति होहल्ला, गाली बेइज्जती र झैझगडा गरे सोको जानकारी,

११. **सचेतना कार्यक्रम संचालन गर्ने : (१)** प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्ने छ ।

(२) वडास्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्ने छ ।

**१२. सजायँ गर्न सकिने : (१)** कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण तथा सेवन गरी होहल्ला, गाली, बेइज्जती गर्नेलाई कानून बमोजिम सजायँ गर्न सकिने छ ।

(२) मदिरा सेवन गरी समुदायमा होहल्ला, शान्ति भंग हुने क्रियाकलाप वा झैझगडा गर्ने व्यक्तिलाई पहिलो पटक रु. २५०० (दुई हजार पाँच सय ) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा रु. १००० (एक हजारका )दरले बढ्दै जाने छ ।

(३) यस कार्यविधिको दफा ८ बमोजिमका शर्त उल्लंघन गर्नेलाई पहिलो पटक रु. ५००० हजार जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा रु. १००० (एक हजारका दरले बढ्दै जाने छ ।

(४) इजाजत पत्र नलिई कसैले स्थानीय रुपमा मदिरा उत्पादन वा बिक्री वितरण गरेमा सो व्यक्तिलाई पहिलो पटक रु. ८००० हजार जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पिच्छे सोही कसूर गरेमा रु. १००० (एक हजारका) दरले बढ्दै जाने छ ।

(५) यसरी जरिवाना गरि आएको आम्दानी रकमको २५ (पच्चीस) प्रतिशत रकम प्रहरी चौकी व्यवस्थापनलाई लागि दिनुपर्ने । बाँकी रकम वडा स्तरिय समितिसँग रहने छ ।

**१३. कारवाहीका लागि सिफारिश गरी पठाउने : (१)** समुदायमा कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण गर्ने, पटक पटक तोकिएको शर्त उल्लंघन गर्ने र मदिरा सेवन गरी कुनै व्यक्ति तथा समुदायलाई पटक पटक गाली बेइज्जती गर्ने, कुनै आक्षेप लगाउने र समुदायमा मदिरा सेवन गरी झैझगडा गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा वडा समितिले सिफारिस गरी पठाउन सक्ने छ ।

(२) पटक पटक कानून विपरीत कार्य गर्ने व्यक्तिको इजाजत पत्र रद्द गर्ने सिफारिश समेत गर्न सकिने छ ।

**१४. पुनरावेदन :** यस कार्यविधि अन्तर्गत जरिवाना गरिएको विषयमा चित्त नबुझे जरिवाना गरिएको ३५ दिनभित्र गाउँपालिकाको न्यायिक समितिमा पुनरावेदन गर्न सकिने छ ।

**१५. पुरस्कार :** कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिलाई २००० (दुई हजार) रुपैयासम्म पुरस्कार दिईने छ ।